त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर ।

## एम.एस्सी. (कृषि, पशु विज्ञान र एक्वाकल्चर), एम.भि.एस्सी. र विद्यावारिधी तहमा विद्यार्थी भर्ना सम्बन्धि सूचना

मितिः २०७३।१।५

शैक्षिक वर्ष २०७२/७३ मा यस अध्ययन संस्थानद्धारा स्नातकोत्तर क्याम्पस कीर्तिपुरमा संचालन गरिने स्नातकोत्तर र विद्यावारिधी तह अन्तर्गतका निम्न विषयहरुमा भर्ना हुनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले निम्नानुसारका शर्त पालना गरी आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाणपत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति सहित रितपूर्वकको आवेदन फाराम भरी तोकिएको म्यादभित्र यस अध्ययन संस्थान, डीनको सम्पर्क कार्यालय, सानेपा, ललितपूरमा बुझाउनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । त्रि.वि. वाहेक अन्य विश्वविद्यालयवाट स्नातक/स्नातकोत्तर तह उत्तीर्ण भै आउने विद्यार्थीहरुले त्रि.वि. बाट निर्धारण गरेको समानस्तरको प्रमाण/प्रमाणपत्र समेत आवेदनसाथ संलग्न गर्नुपर्नेछ । तर Migration Certificate, भर्ना भै त्रि. वि. मा नाम दर्ता गर्ने समयमा, सक्कलै पेश गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन । स्नातकोत्तर तहमा चार र बिद्याबारिधि तहमा दुइ डिग्रीका लागि निम्नानूसार बिषयहरुमा भर्ना लिइनेछ ।

**(अ) स्नातकोत्तर तह**

(क) एम.एस्सी. (कृषि) तहमा अध्यापन हुने विषयहरुः

- (१) कृषि अर्थशास्त्र
- (२) वाली विज्ञान
- (३) बाली प्रजनन्
- (४) माटो विज्ञान
- (५) कृषि बनस्पती तथा इकोलोजी
- (६) बागबानी
- (७) कृषि प्रसार

(ख) एम.एस्सी. (पशु विज्ञान) तहमा अध्यापन हुने विषयहरुः

- (१) पशु उत्पादन तथा व्यवस्थापन
- (२) पशु पोषण तथा चारा उत्पादन

(ग) एम.एस्सी. (एक्वाकल्चर) तहमा अध्यापन हुने विषयः

- (१) एक्वाकल्चर

(घ) एम.भि.एस्सी. तहमा अध्ययापन हुने विषय :

- (१) भेटेरीनरी प्याथोलोजी
- (२) भेटेरीनरी प्यारासाइटोलोजी
- (३) भेटेरीनरी थेरीयोजेनोलोजी

<u>आवश्यक न्यूनतम शैक्षिक योग्यताः</u>

(क) एम.एस्सी. (कृषि) तह
वि.एस्सी. (कृषि) तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(ख) एम.एस्सी. (पशु विज्ञान) तह
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(ग) एम.एस्सी. (एक्वाकल्चर) तह
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा एम.एस्सी. (Zoology) मा इच्छाधिन Fisheries विषय वा वि.एफ.एस्सी. (Bachelor in Fisheries Science) को परीक्षामा कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(घ) एम.भि.एस्सी. तह

वि.भि.एस्सी. एण्ड ए.एच. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

**(आ) विद्यावारिधी तह (PLAN A and PLAN B )**

(१) कृषि बिज्ञान

(२) पशु विज्ञान

<u>आवश्यक न्यूनतम शैक्षिक योग्यता:</u>

**PLAN A:** संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा दुइवटा Journal Article प्रकाशित भएको ।

**PLAN B:** संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा दुइवटा Journal Article प्रकाशित भएको, वा मुख्य अनुसन्धानकर्ता भै पांचवटा Research Report प्रकाशित भएको, अथवा संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह दोश्रो श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा पांचवटा Journal Article प्रकाशित भएको, वा अनुसन्धानमा लगातार संलग्न रही मुख्य अनुसन्धानकर्ताको हैसियतमा कम्तिमा दशवटा Research Report प्रकाशित भएको ।

**प्रबेश परीक्षा:** विद्यावारिधी तहका लागि प्रवेश परीक्षा हुने छैन । तर PG बूलेटिनमा उल्लेख भएअनूसारको मापदण्ड पूरा गरेको हूनूपर्नेछ । आबेदन pg को हरेक सेमेष्टरको course registration को समयमा पनि दिन सकिनेछ ।

**(अ) स्नातकोत्तर तहको भर्ना कार्यक्रम**

1. आवेदन फाराम वितरण तथा बुझाउने: २०७३ **बैशाख ५ गते देखि जेठ २७ गते** सम्म कार्यालय समयभित्र ।
2. प्रवेश परीक्षा एम.एस्सी. (कृषि, पशुबिज्ञान तथा एक्वाकल्चर) तहहरुको लागि एक र एम.भी.एस्सी. तहको लागि एक गरी जम्मा दुइ परीक्षा हुनेछन् । दुबै परीक्षाको लागि विषयगत प्रश्न भार (Subjectwise weightage) निम्नानुसार रहनेछ:

२.१ एम.एस्सी. (कृषि), एम.एस्सी. (पशु विज्ञान) तथा एम.एस्सी. (एक्वाकल्चर) तहहरुका लागि:

| Plant Science | Marks |
|---|---|
| 1. Agronomy………………….......... | 10 |
| 2. Horticulture…………………… | 10 |
| 3. Agri. economics ……............ | 10 |
| 4. Agri. botany and ecology…………... | 10 |
| 5. Soil science………………….......... | 10 |
| 6. Plant breeding………………… | 10 |
| 7. Plant pathology……………........... | 10 |
| 8. Entomology………………….............. | 10 |
| | **80** |
| **Animal Science** | **Marks** |
| 1. Animal nutrition……………………... | 10 |
| 2. LPM……………………….................. | 10 |
| 3. Dairy……………………….................. | 10 |
| 4. Animal breeding …… | 10 |
| | 40 |
| **Aquaculture…………………………..................** | **17** |
| **Others** | **Marks** |
| **1.** Animal health (Veterinary).................... | 10 |
| **2.** Sociology and Agri.Extension............... | 5 |
| **3.** Math and Statistics………..................... | 3 |
| 4. General knowledge ................................. | 5 |
| | 23 |
| **Total:** | **160** |

2.2 एम.भि. एस्सी. तहका लागि:

| Subjects | Marks |
|---|---|
| 1. Pathology | 20 |
| 2. Parasitology | 20 |
| 3. Medicine | 12 |
| 4. Gynecology | 12 |
| 5. Microbiology | 12 |
| 6. Pharmacology | 12 |
| 7. Physiology | 6 |
| 8. Surgery | 6 |
| 9. Epidemiology and public health | 5 |
| 10. Animal science (Nutrition, Forage Pasture, Breeding and LPM) | 10 |
| 11. Aquaculture | 5 |
| 12. Biochemistry | 5 |
| 13. Statistics | 5 |
| 14. Sociology and agri. extension | 10 |
| 15. Agri. economics | 10 |
| 16. General knowledge | 10 |
| **Total :** | **160** |

३. दुबै परीक्षाका लागि प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple choice objective type) का १६० हुनेछन् । पूर्णाङ्क १६० र उतीर्णाङ्क ८० (५० प्रतिशत) हुनेछ ।

४. आवेदन फाराम प्रत्येक परीक्षा (एम.एस्सी. तथा एम.भी.एस्सी.) को लागि छुट्टाछुट्टै भर्नु पर्नेछ, र प्रत्यक **आवेदन फाराम शुल्क रु. १०००।-** (एक हजार रुपैया) को दरले लाग्नेछ । आवेदन फाराम कार्यालय खुलेको दिनमा त्रि. वि. कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको यस अध्ययन संस्थानको खाता **"कृ.प.वि.अ.सं. पि.जी. खाता ४५-११-७७६२"** मा रकम जम्मा गरेको सक्कलै भौचर बुझाई, यस अध्ययन संस्थानको डीनको सम्पर्क कार्यालय, सानेपा, ललितपुरवाट प्राप्त गर्न सकिनेछ । आवेदन फाराम यस अध्ययन संस्थानको **वेभसाइट www.iaas.edu.np वाट Download समेत गर्न सकिनेछ** । सो अबस्थामा जम्मा आवेदन फाराम शुल्क यस अध्ययन संस्थानको माथि उल्लेखित खातामा जम्मा गरेको सक्कलै भौचर आवेदन फारामसाथ बुझाउनपर्ने छ ।

५. प्रवेश परीक्षा शुल्क प्रत्यक परीक्षा (एम.एस्सी. तथा एम.भी.एस्सी.) को लागि रु. १५००।- (एकहजार पाच सय रुपैया) का दरले लाग्नेछ । सो रकम पनि माथि उल्लेखित पि.जी. खातामा जम्मा गरी सोको सक्कलै भौचर आवेदन फारामसाथ संलग्न हुनुपर्नेछ ।

६. यस शैक्षिक वर्षको लागि विषयगत **विद्यार्थी भर्ना कोटा न्यूनतम ३ र अधिकतम ८** निर्धारण गरिएको छ । सरकारी तथा गैह्र सरकारी विभिन्न संघ संस्थाबाट MOU बमोजिम मनोनयन भैं आउने विद्यार्थी संख्या भने यसमा समावेश छैन ।

७. प्रवेश परीक्षा: M.Sc. (Ag., An.Sc. and Aquaculture) तहका लागि **२०७३ असार ४ गते** शनिबार विहान १०:०० देखी १२:०० बजेसम्म र M.V.Sc. तहका लागि सोहीदिन १३:०० देखि १५:०० बजेसम्म कृ.प.वि.अ.सं., स्नातकोत्तर क्याम्पस, त्रि.वि. कीर्तिपुरमा संचालन हुनेछ । स्थान परिबर्तन हुने भएमा पछि जानकारी गराइनेछ ।

८. प्रत्येक परीक्षाको नतिजा तथा मेरिट कम **२०७३ असार ६** गतेभित्र प्रकाशित गरिनेछ ।

९. मेरिट क्रमाङ्क यस अध्ययन संस्थानबाट लिइएको प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८० (असी) प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्रतिशतलाइ २० (वीस) प्रतिशत भार दिई तयार पारिनेछ ।

१०. प्रवेश परीक्षा पास भएका, भर्नाहुन इच्छुक बिद्यार्थीहरुले **२०७३ असार ७ गते बिहान ११ बजेबाट अपरान्ह ५ बजेभित्र** डिनको कार्यालय, सानेपामा आई आफूले पढ्न चाहेको एक बिषयमा नाम लेखाउनुपर्ने छ ।

११. **२०७३ असार ८ गते:** प्रत्यक बिषयमा नाम लेखाएका बिद्यार्थीहरुको बिषयगत नामाबली मेरीट क्रममा न्यूनतम ३ (तिन) र अधिकतम ८ (आठ) हुनेगरी भर्नाको लागि प्रथम नामाबलि प्रकाशित गरीनेछ । ति बिद्यार्थीहरु २०७२ असार १३ गते सम्म भर्ना भैसक्नुपर्ने छ ।

१२. कुनै पनि बिषयमा निर्धारित कोटा (न्यूनतम ३ र अधिकतम ८) नपुगी कोटा रिक्त रहेमा भर्ना नभएका बिद्यार्थीहरु मध्यबाट आफूले पढ्न चाहेको बिषयमा पून नाम टिपाई बढीमा अरु दुइपटक सम्म भर्नाको लागि नामाबलि प्रकाशित गरिनेछ ।

१३. प्रथम सत्रमा भर्नाहुँदा सबै बिद्यार्थीले बिषयगत सेमेष्टर शूल्क, deposit तथा thesis शूल्क एकमुष्ट रुपमा माथि उल्लेखित pg खातामा जम्मा गरी सोको सक्कलै भौचर बुझाउनु पर्नेछ । भर्ना भएका बिद्यार्थीले कुनैपनि कारणबाट अध्ययन नगरेमा वा बिच्मा छाडेमा अध्ययन संस्थानलाई बुझाएको कुनैपनि रकम फिर्ता हुनेछैन ।

१४. IdF (Institute Development Fund) शूल्क निर्धारण: बिभिन्न बिषयमा भर्ना भएका संपूर्ण बिद्यार्थीहरुको मेरीटको आधारमा IDF शूल्क निर्धारण गरिनेछ । मेरीट कमांकका प्रथम २०% बिद्यार्थीलाइ IDF शूल्क लाग्नेछैन । दोस्रो २०% बिद्यार्थीलाइ आधा र बाँकी सबै बिद्यार्थीलाइ पुर्ण IDF शूल्क लाग्नेछ । प्रतिशत लिंदा बिद्यार्थी संख्या दसम्लब (fraction) मा आएमा fraction ०.५ वा सोभन्दा बढि भएमा माथिल्लो अंक र सोभन्दा कम भएमा तल्लो अंक कायम हुनेछ । IDF को प्रथम किस्ता कोर्ष रजिष्ट्रेशन भएको दिनबाट एक महिनाभित्र बुझाउनुपर्नेछ । नबुझाएमा बिद्यार्थीको परीक्षा रोक्नुका साथै भर्ना रद्द समेत हुनसक्नेछ ।

१५, भर्ना हुन आउंदा आवेदन फारामसाथ संलग्न गरिएका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

१६. कोर्ष रजिष्ट्रेशन र कक्षा संचालन: कोर्ष रजिष्ट्रेशन **२०७३ असार ३० गते र कक्षा संचालन २०७३ श्रावण २ गतेबाट हुनेछ ।**

१७. यसमा उल्लेख भएका वा नभएका विषयहरुमा वा अन्य कुनै समस्या वा इस्यु आएमा IAAS Bulletin, Course Catalogue of Postgraduate Program, Revised 2011, वा स्नातकोत्तर भर्ना समिति, २०७२।७३ को निर्णय अनुसार हुनेछ ।

१८. छात्राबासको सुबिधा उपलब्ध हुने छैन ।

_______________________

प्रा. नरेन्द्र कमार चौधरी
डीन

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर ।

## निर्णय र छलफल :

१.यस अध्ययन संस्थान अन्तर्गत शैक्षिक वर्ष २०७१।०७२ का लागि त्रि.वि. किर्तिपुर स्थित स्नातकोत्तर क्याम्पसमा संचालन गरिने स्नातकोत्तर/विद्यावारिधी तह (PLAN A + PLAN B) को विभिन्न विषयहरु अन्तर्गत विद्यार्थी भर्ना लिने सम्वन्धमा विस्तृत छलफल भयो । छलफलको क्रममा Faculties Availability को हिसावले स्नातकोत्तर तहमा कुन कुन विषय संचालन गर्न सकिन्छ त्यस बारे छलफल हुदाँ विगतमा संचालन गरिएको विभिन्न विषयहरुको अध्यापन गरिँदा खास गरी प्रयोगात्मक कक्षाहरुमा असहज अनुभव गरिएको व्यहोरा बैठकमा सहभागी प्राध्यापक/सदस्यहरुबाट सुझाव प्राप्त भयो । तसर्थ यस शैक्षिक वर्षका लागि सम्वन्धित Course Incharge बाट आ-आफ्नो विषयको अध्यापन कार्य सुचारु एवं सहज बनाउने बारे मिति २०७१ माघ ५ गते भित्र प्राप्त हुने गरी Assurance Letter माग गर्ने निर्णय गरियो र Assurance Letter प्राप्त भएका विषयहरुमा मात्र विद्यार्थी भर्नाको लागि विज्ञापन गर्ने निर्णय गरियो । साथै Faculties Availability असहज भएको कारणले गर्दा विगतमा संचालन हुँदै आएको बाली रोग विज्ञान विषयमा यस शैक्षिक वर्षका लागि विद्यार्थी भर्ना नलिइने समेत निर्णय भयो ।

२.यस अध्ययन संस्थान अन्तर्गत शैक्षिक वर्ष २०७१।०७२ का लागि त्रि.वि. किर्तिपुर स्थित स्नातकोत्तर क्याम्पसमा संचालन गरिने स्नातकोत्तर/विद्यावारिधी तह (PLAN A + PLAN B) को विभिन्न विषय अन्तर्गत विद्यार्थी भर्नाको लागि निम्न बमोजिमको विषयहरु र विद्यार्थी भर्ना संख्याको साथै अन्य आवश्यक विवरण सहित निम्नानुसारको विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

त्रिभुवन विश्वविद्यालय

**कृषि र पशु विज्ञान अध्ययन संस्थान**

डीनको सर्म्पक कार्यालय

सानेपा, ललितपूर ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७१।४।  ।)

## स्नातकोत्तर एवं विद्यावारिधी तहमा विद्यार्थी भर्ना सम्बन्धि सूचना

यस अधययन संस्थान अन्तर्गत शैक्षिक वर्ष २०७१।०७२ मा स्नातकोत्तर क्याम्पस त्रि.वि., कीर्तिपुरमा सञ्चालन गरिने एम.एस्सी, (कृषि, पशु विज्ञान र एक्वाकल्चर), एम.भि.एस्सी. र विद्यावारिधी (कृषि, पशु विज्ञान) तहका लागि २०७१ **भाद्र २ गतेदेखि भाद्र** २७ गते कार्यालय समयभित्र आवेदन फाराम बुझाउन पाउने गरी भर्ना खुलेकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका अध्ययन गर्न इच्छुक विद्यार्थीहरुले रितपुर्वकको भर्ना आवेदन फाराम भरी डीनको सम्पर्क कार्यालय सानेपामा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । २०७१ भाद्र २ गतेदेखि भाद्र २६ गते दिनको ५:०० वजे सम्म डीनको सम्पर्क कार्यालय सानेपा, ललितपुरबाट आवेदन फाराम वितरण गरिनेछ । साथै यस अध्ययन संस्थानको वेवसाइट www.iaas.edu.np वाट समेत आवेदन फाराम Download गर्न सकिनेछ । विस्तृत जानकारीको लागि यस अध्ययन संस्थानको वेवसाइट वा सर्म्पक कार्यालयको सूचना पार्टीमा हेर्नुहुन जानकारी गराईन्छ ।

**प्रवेश परीक्षा मिति:**

एम.एस्सी. (कृषि) र एम.भि.एस्सी. तह: २०७१ भाद्र ३१ गते विहान १०:०० वजे ।

एम.एस्सी. (पशुविज्ञान) र एम.एस्सी. एक्वाकल्चर तह: २०७० भाद्र ३१ गते दिनको २:०० वजे ।

विस्तृत जानकारीको लागि यस अध्ययन संस्थानको डीनको सम्पर्क कार्यालय, सानेपामा सम्पर्क राख्नुहोला ।

**सम्पर्क टेलिफोन:** ०१-४३३३९०२, ०१-५५५२३७८, Website: www.iaas.edu.np

**डीन**

त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर ।

मिति: २०७१।४।३२

श्री ..........................
.................................
.....................................

**विषय : विद्यार्थी भर्ना सम्वन्धि सूचना गोरखापत्र दैनिकमा प्रकाशित गराई दिने वारे ।**

यस अध्ययन संस्थान अन्तर्गत शै.व. २०७१।०७२ मा सञ्चालन हुने एम.एस्सी. (कृषि/पशुविज्ञान/एक्वाकल्चर), एम.भि.एस्सी. र विद्यावारिधि तहमा विद्यार्थी भर्ना सम्वन्धि सूचना यसैसाथ संलग्न गरी पठाइएको छ । उक्त सूचनालाई गोरखापत्र दैनिकमा एक दिन विराएर जम्मा २ (दुई) पटक प्रकाशित गराई दिने व्यवस्थाको लागि अनुरोध छ । सूचना प्रकाशित भै विल प्राप्त भएपछि भुक्तानीको व्यवस्था हुनेछ ।

(प्रा. नरेन्द्र कुमार चौधरी)
डीन

<u>वोधार्थ:</u>
श्री आर्थिक प्रशासन शाखा,
कृ.प.वि.अ.सं., डीनको कार्यालय, रामपुर । (उक्त सूचना १ प्रति संलग्न छ ।)

त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर ।

त्रिभुवन विश्वविद्यालय

**कृषि र पशु विज्ञान अध्ययन संस्थान**

डीनको कार्यालय, रामपुरको

**स्नातकोत्तर एवं विद्यावारिधी तहमा विद्यार्थी भर्ना सम्बन्धि संशोधित कार्यक्रम वारेको अत्यन्त जरुरी सूचना**

यस अध्ययन संस्थान अन्तर्गत शै. व. २०७०।०७१ मा सञ्चालन हुने एम. एस्सी, (कृषि, पशुविज्ञान र एक्वाकल्चर), एम. भि. एस्सी. र विद्यावारिधी (कृषि र पशुविज्ञान) तहमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुले रितपूर्वकको भर्ना आवेदन फाराम भर्ने अवधि पूर्व प्रकाशित सूचना बमोजिम मिति २०७० भाद्र गतेसम्म रहेको व्यहोरा सम्वन्धित सवैलाई सूचित गरिन्छ ।

**प्रवेश परीक्षा** : एम.एस्सी. कृषि र एम.भि.एस्सी. तहः २०७० भाद्र २४ गते विहान ९:०० वजे ।
एम.एस्सी. एनिमल साइन्स र एम.एस्सी. एक्वाकल्चर तहः २०७० भाद्र २४ गते दिनको १:०० वजे ।

विस्तृत विवरणको लागि यस अध्ययन संस्थानको वेभसाइट www.iaas.edu.np वा डीनको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

डीन